कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित र नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त

सर्वोत्तम सिमेन्ट लिमिटेड

Sarbottam Cement Limited

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४१११७०९/४१११९४२ फ्याक्स नं. ०१-४१११५६७
इमेल: info@Sarbottamcement.com वेबसाइट: www.sarbottamcement.com

आह्वान-पत्र

(प्रथम पटक प्रकाशित मिति २०८० पौष १७ गतेको "नागरिक" दैनिकमा प्रकाशित)

कम्पनीको जारी पूँजी रु.४,६५,००,००,०००।- (अक्षरेपी चार अर्ब पैंसठ्ठी करोड रुपैयाँ मात्र) को १२.९०३३ प्रतिशतले हुन आउने रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ६०,००,००० (साठी लाख मात्र) कित्ता शेयरको ४० प्रतिशत अर्थात २४,००,००० (चौबीस लाख मात्र) कित्ता शेयर बुक बिल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम बुक बिल्डिङ्ग विधिमार्फत प्रथम चरणमा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त तथा नेपाल स्टक एक्सचेञ्ज लि.मा दर्ता (नविकरण समेत) भएका योग्य संस्थागत लगानीकर्ता कम्पनीहरुलाई बोलकबोल प्रणाली मार्फत निष्काशन तथा बिक्री खुल्ला गरी बाँडफाँट गरिएकोमा प्रति शेयर रु.४०१।०० को दरमा उक्त २४,००,००० कित्ता शेयर सम्पूर्ण बिक्री भई कट अफ मूल्य रु.४०१।०० निर्धारण भएको ।

बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१४) मा सर्वसाधारणलाई धितोपत्र जारी गर्दा कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्काशन गर्नुपर्ने व्यवस्था भए अनुसार कायम हुन आउने प्रति शेयर मूल्य रु.३६०।९० को दरमा सार्वजनिक निष्काशन गरिने ३६,००,००० (छत्तीस लाख मात्र) कित्ता साधारण शेयरमध्ये २,६७,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि बाँडफाँट गरिएको र कम्पनीको जारी पूँजीको २ प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता शेयर उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा जम्मा २,४८,४७० कित्ता शेयरका लागि मात्र रीतपूर्वक आवेदन प्राप्त भएको र माग भन्दा कम शेयरको लागि आवेदन प्राप्त भएकोले माग गरे बमोजिम नै बाँडफाँट गरे पश्चात् बाँकी रहेको शेयर ६,८१,५३० (छ लाख एकासी हजार पाँचसय तीस मात्र) कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिने शेयरमा थप गरि सामूहिक लगानी कोषहरुलाई ५ प्रतिशत अर्थात १,५४,२२७ कित्ता शेयर बाँडफाँट गरे पश्चात् कम्पनीका कर्मचारीहरुका लागि छुट्याईएको ५ प्रतिशत अर्थात १,५४,२२७ कित्ता शेयर सुरक्षित गरि बाँकी रहेको २७,७६,०७६ (सत्ताइस लाख छहत्तर हजार छहत्तर मात्र) कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिएको ।

दरखास्त दिन पाउने न्यूनतम कित्ता : ५० शेयर | **दरखास्त दिन पाउने अधिकतम कित्ता : १०,००० शेयर**

यो विवरणपत्र नभई केवल आह्वानपत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०९/०३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०९/११

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मिति :	२०८०/११/१३ गतेदेखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८०/११/१६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/११/२७ (बैंकिङ्ग समय पश्चात्) सम्म

साधारण लगानी फिर्ता हुने अवधि :	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :
३ वर्ष ९ महिना	४ वर्ष ७ महिना

लागत सम्बन्धी विवरण :

कम्पनीको आ.व.२०७९/०८० मा सम्पन्न भएको लेखापरीक्षण प्रतिवेदन अनुसार निर्माण अवधिको ब्याज सहित जम्मा लागत रु. १२,२२,०६,७९,२०९।- रहेको छ ।

स्वीकृत विवरणपत्र मार्फत उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री गर्न वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न पाइने छैन ।

सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

कम्पनीको नेटवर्थ सम्वन्धी विवरण:

विवरण	वास्तविक				प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
प्रति शेयर नेटवर्थ (रु.)	२४५.२२	१६०.१३	१७१.७४	१८५.३६	२०७.२२	२०४.३३	१९९.८२
प्रति शेयर आम्दानी (रु.)	३९.२८	३२.३५	११.५५	५.२८	१७.८२	२२.११	२५.४९
जगेडा तथा कोष (रु. हजारमा)	२,८७५,३७४	२,४३५,२४८	२,९०५,४३२	३,४५६,९७५	४,९८५,८१५	४,८५१,५३९	४,६४१,६५०

नोट: आ.व.२०७४/०७५ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।
आ.व. २०७९/८० असार मसान्तको लेखापरीक्षण भएको वित्तीय विवरण प्रियाङ्क एण्ड एशोसियट्स, चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौंद्वारा प्रमाणित गरिएको हो ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था: स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युअर रेटिङ्ग गराई "[ICRANP-IR] BBB (Pronounced ICRA NP Issuer Rating Triple B)" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BBB" ले समयमा नै सुरक्षित रुपले वित्तीय दायित्व वहन गर्न मध्यम स्तरको क्षमता रहेको संस्था (Moderate degree of safety regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले ICRANP-IR AAA देखि ICRANP-IR D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "ICRANP-IR AAA" ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने "ICRANP-IR D" ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ ।
इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : २०८०/०३/०६ (तदनुसार जुन २१, २०२३) बहाल रहने अवधि: २०८१/०३/०५ (तदनुसार जुन २०, २०२४)

१. कम्पनीको नाम :

सर्वोत्तम सिमेन्ट लिमिटेड (Sarbottam Cement Limited)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, तिनकुने, सुविधानगरमा रहेको छ। आवश्यकता अनुसार स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिने छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. ३२, तिनकुने, सुविधानगरमा रहेको छ। यस कम्पनीको उद्योग नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ११, जोडेनी र चुनढुङ्गा खानी उत्खनन सम्बन्धी उद्योग पाल्पा जिल्लाको तिनाउ गा.पा. वडा नं. १ (साविक कचल गा.वि.स. वडा नं ३) र निस्दी गाउँपालिका (साविक ज्यामिरे गा.वि.स.) एवं गुल्मी/पाल्पा जिल्लाको साविक दौधा/सिद्धेश्वर गा.वि.स. सुनापानीमा रहेको छ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) सर्वोत्तम सिमेन्ट लि. मिति २०६७/०६/२० गते प्रा.लि.को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएकोमा मिति २०७६/०४/३० गते कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र अनुसार मिति २०७६/०४/२९ गतेदेखि प्रा.लि.बाट पब्लिक लिमिटेडमा परिणत भई सर्वोत्तम सिमेन्ट लिमिटेड (लि.नं.२२१४८३) मा अभिलेख भई कारोबार सञ्चालन गर्दै आएको छ।
(२) सिमेन्ट उत्पादन गर्ने उद्देश्य उल्लेख भई ठूला उद्योगको रुपमा यस कम्पनीले मिति २०६८/०८/२८ गते उद्योग विभागबाट उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. १४१९/१११९/०६८/६९) प्राप्त गरेको छ। यस कम्पनीको प्यान रजिष्ट्रेशन नं. ६०९८८७४२२ रहेको छ।
(३) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ अन्तर्गत रिडसिड सामुदायिक वनको ४.८९६ हेक्टर वन क्षेत्र चुनढुङ्गा उत्खननका लागि उपयोग गर्न नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट मिति २०७१/०७/१० गते अनुमति प्राप्त गरेको तथा भोगाधिकार अनुमति प्राप्त गरेको मितिबाट २७ वर्षसम्म अनुमति बहाल रहेको छ।
(४) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा ११.९४ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्भ विभागबाट मिति २०६९/०५/०६ गतेदेखि मिति २०९९/०५/०५ गतेसम्म ३० वर्षको लागि मिति २०६९/०५/०६ मा चुनढुङ्गा खानी उत्खनन कार्यको लागि अनुमति पत्र (नं.११/०६९/०७०) प्राप्त गरेको छ।
(५) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्भ विभागको (न.९५।०६८।०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो क्षेत्रमा रहेको खानीबाट चुनढुङ्गा उत्खनन योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्याः ०७७/७८/१०२२, चलानी नं. १३७१ मिति २०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भई अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ। त्यसैगरी खानी तथा भूगर्भ विभागको पत्रसंख्याः ०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुङ्गा खानी उत्खननको लागि ५ हेक्टर क्षेत्र वन क्षेत्रमा पर्ने भएकोले सो को भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारिसका लागि लेखि पठाएको र हालसम्म पनि प्रक्रियामा रहि रहेको छ।
(६) कम्पनीले खानी तथा भूर्गभ विभागबाट गुल्मी/पाल्पा जिल्लाको साविक दौधा/सिद्धेश्वर गा.वि.स. सुनपानी अन्तर्गत ९ वर्ग कि.मी. क्षेत्रफलमा चुनढुङ्गा उत्खनन कार्यको लागि अनुमति पत्र नं. ४/०७३/७४ बाट मिति २०७३/११/०४ मा २० वर्षको लागि अनुमति प्राप्त गरेको छ। त्यसैगरी खानी तथा भुगर्भ विभागको पत्र संख्याः ०७६/७७/७४३ चलानी नं.१०११ मिति २०७६/०८/११ गतेको पत्र मार्फत पाल्पा जिल्लाको निस्दी गाउँपालिका अन्तर्गत ५.९२५ वर्ग कि.मी. क्षेत्रफलमा मिति २०७६/०७/०८ गतेदेखि ३० वर्षसम्मका लागि ठूला स्तरको चुनढुङ्गा उत्खनन कार्यका लागि अनुमति प्राप्त गरेको छ। साथै धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका स्थित कान्द्राङ्गगढीमा चुनढुङ्गा उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बीच मिति २०७८ साल पुष १४ गते बीच सम्झौता भएको छ।
(७) कम्पनीले उद्योग विभागको मिति २०७३/०७/१० गतेको पत्रबाट मिति २०७१/११/०१ गतेदेखि लागु हुने गरी व्यवसायिक उत्पादन गरेको पत्र प्राप्त गरेको छ।
(८) पाल्पा जिल्ला, तिनाउ गाउँपालिका वडा नं १ (साविक कचल गा.वि.स. वडा नं. ३) को चुनढुङ्गा उत्खननको क्षमता वृद्धिको लागि तयार गरिएको संशोधन सहितको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागबाट मिति २०७६/०३/१२ गते स्वीकृति प्राप्त गरेको छ।
(९) सहायक कम्पनीहरु सर्वोत्तम होल्डिङ्गस प्रा.लि. र सर्वोत्तम इन्भेष्टमेन्ट प्रा.लि.मा यस कम्पनीको शतप्रतिशत शेयर स्वामित्व रहेको छ। त्यसैगरी सर्वोत्तम होल्डिङ्गस प्रा.लि.को सहायक कम्पनीहरु सिद्धेश्वर मिनेरल्स प्रा.लि. र ज्यामिरे मिनेरल्स प्रा.लि.मा सर्वोत्तम होल्डिङ्गस प्रा.लि.को शतप्रतिशत शेयर स्वामित्व रहेको छ।

कम्पनीको वित्तीय परिसूचक : कम्पनीको नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टर्नल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period र Discounted Pay Back Period को गणनाको संक्षिप्त विवरण तथा आधार देहाय अनुसार रहेको छ :

विवरण	आयोजनाको लगानी रकम (रु.)
आ.व.२०७९/८० को शुरुको लागत	(१२,७९५,४६०,२६३)
आयोजनाको ह्रासकट्टी (आ.व.२०७९/०८० सम्म)	४,५९१,८८५,१७८
जगेडा (आ.व.२०७९/०८० सम्म)	३,४५०,०२६,५५५
जम्मा	(४,७५३,५४८,५३०)

वर्ष	आयकर पश्चात्को मुनाफा	ह्रासकट्टी/परिशोधन	वित्तीय खर्च	खुद नगद प्रवाह	साधारण नगद प्रवाह	डिस्काउन्टिङ्ग फ्याक्टर (९%)	डिस्काउन्टेड नगद प्रवाह	डिस्काउन्टिङ्ग सञ्चित नगद प्रवाह ९% का दरले
-				(४,७५३,५४८,५३०)	(४,७५३,५४८,५३०)	१.००	(४,७५३,५४८,५३०)	(४,७५३,५४८,५३०)
१	२०७,५७३,४८७	२५१,१८९,५१५	४०९,०९८,३०१	८६७,८६१,३०४	(३,८८५,६८७,२२६)	०.९२	७९६,२०३,०३१	(३,९५७,३४५,४९९)
२	८२८,४२८,२१७	३३१,५९१,२३०	१८८,५१७,७२६	१,३४८,५३७,१७३	(२,५३७,१५०,०५३)	०.८४	१,१३५,०३६,७५९	(२,८२२,३०८,७४०)
३	१,०२८,२२४,११०	३२४,३८७,९२१	७०,२९९,९०९	१,४२२,९११,९४१	(१,११४,२३८,११२)	०.७७	१,०९८,७४९,०९४	(१,७२३,५५९,६४६)
४	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	४४८,९१४,०६०	०.७१	१,१०७,३७६,४०८	(६१६,१८३,२३८)
५	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२,०१२,०६६,२३३	०.६५	१,०१५,९४१,६५९	३९९,७५८,४२१
६	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	३,५७५,२१८,४०६	०.६०	९३२,०५६,५६८	१,३३१,८१४,९८८
७	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	५,१३८,३७०,५७८	०.५५	८५५,०९७,७६८	२,१८६,९१२,७५६
८	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	६,७०१,५२२,७५१	०.५०	७८४,४९३,३६५	२,९७१,४०६,१२२
९	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	८,२६४,६७४,९२४	०.४६	७१९,७१८,६८४	३,६९१,१२४,८०६
१०	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	९,८२७,८२७,०९६	०.४२	६६०,२९२,३७१	४,३५१,४१७,१७६
११	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	११,३९०,९७९,२६९	०.३९	६०५,७७२,८१७	४,९५७,१८९,९९३
१२	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१२,९५४,१३१,४४२	०.३६	५५५,७५४,८७८	५,५१२,९४४,८७१
१३	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१४,५१७,२८३,६१४	०.३३	५०९,८६६,८६१	६,०२२,८११,७३२
१४	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१६,०८०,४३५,७८७	०.३०	४६७,७६७,७६२	६,४९०,५७९,४९४
१५	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१७,६४३,५८७,९६०	०.२७	४२९,१४४,७३६	६,९१९,७२४,२३०
१६	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	१९,२०६,७४०,१३२	०.२५	३९३,७१०,७६७	७,३१३,४३४,९९६
१७	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२०,७६९,८९२,३०५	०.२३	३६१,२०२,५३८	७,६७४,६३७,५३५
१८	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२२,३३३,०४४,४७८	०.२१	३३१,३७८,४७६	८,००६,०१६,०१०
१९	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२३,८९६,१९६,६५०	०.१९	३०४,०१६,९५०	८,३१०,०३२,९६०
२०	१,१८५,११०,७४५	३०७,९४६,७२५	७०,०९४,७०३	१,५६३,१५२,१७३	२५,४५९,३४८,८२३	०.१८	२७८,९१४,६३३	८,५८८,९४७,५९३

डिस्काउन्ट रेट (Discount Rate)	९% (नेपाल राष्ट्र बैंकबाट जारी भएको Citizen Saving Bond, 2082 को कुपन रेट ९% लाई डिस्काउन्ट रेटको आधार लिइएकोछ ।)
नेट प्रिजेन्ट भ्यालु (Net Present Value)	रु.२५,४५९,३४८,८२३।-
इन्टर्नल रेट अफ रिर्टन (Internal Rate of Return)	२८.२६%
साधारण लगानी फिर्ता हुने अवधि	३ वर्ष ९ महिना
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि	४ वर्ष ७ महिना

(१०) कम्पनीले उद्योग विभागबाट पूँजी तथा क्षमता बृद्धि सम्बन्धमा मिति २०७७/०३/२३ गते पूँजी तथा क्षमता बृद्धि गर्ने अनुमति प्राप्त गरेको छ। संशोधित क्षमता अनुसार कम्पनीको उत्पादन क्षमता ३,००० टिपिडि तथा विद्युत शक्ति १८,००० के.भी.ए. रहेको छ।
(११) कम्पनीको क्षमता अभिबृद्धि सम्बन्धी संशोधित वातावरणीय परिक्षण प्रतिवेदन मिति २०७७/०३/२२ गतेको निर्णयानुसार उद्योग विभागबाट स्वीकृति प्राप्त गरेको छ।
(१२) उद्योगको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

उद्योग रहेको स्थल : नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ११, जोडेनी।
उद्योगको किसिम : उत्पादनमूलक
उत्पादन शुरु भएको मिति : २०७१/११/०१
उद्योगको कूल लागत : रु.१२,२२,०६,७९,२०९।- (२०७९/०८० आषाढ मसान्तको लेखापरीक्षण भएको वित्तीय विवरण)
उद्योग उत्पादन अनुमति प्राप्त मिति : २०६८/०८/२८
उद्योगको उत्पादन क्षमता : प्रति दिन ३,००० टन क्लिंकर र ३,००० टन सिमेन्ट (प्रति बोरा ५० के.जि.को दरले ६० हजार बोरा)।
उद्योगले प्रयोगमा ल्याएको प्रविधि : VRM Technology (Denmark)

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) सबै किसिमका गुणस्तरीय सिमेन्ट उत्पादन गरी स्वदेश तथा विदेशमा समेत बिक्री वितरण गर्ने गराउने।
(ख) सिमेन्ट तथा सिमेन्ट उद्योगलाई चाहिने कच्चा पदार्थ सम्बन्धी खानीको अध्ययन अन्वेषण, अनुसन्धान, उत्खनन् कार्य गर्ने गराउने।
(ग) उपरोक्त उद्देश्य बमोजिमका सबै किसिमका परामर्श सेवा प्रदान गर्नुका साथै सिमेन्ट उद्योगलाई आवश्यक कच्चा पदार्थहरु जस्तैः क्लिंकर, जिप्सम, चुनढुङ्गा, रातोमाटो, फलामेधाउ, बक्साइट आदि स्वयं उत्पादन गरी वा विदेशबाट आयात गरी बिक्री वितरण समेत गर्ने गराउने।
(घ) उपरोक्त उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने, सेल्स डिपो खोल्ने, एजेन्ट, डिष्ट्रिब्युटर, डिलरसिप नियुक्ति गर्ने।
(ङ) चुन तथा चुन सम्बन्धी सबै किसिमका सामानहरु उत्पादन तथा बिक्री वितरण गर्ने गराउने।
(च) सबै किसिमका सिमेन्ट ब्लेण्डिङ्ग तथा बिक्री वितरण गर्ने गराउने।
(छ) यस उद्योग सम्बन्धी सम्पूर्ण किसिमका प्याकिङ्ग मेटेरियलहरु उत्पादन तथा बिक्री वितरण गर्ने गराउने।
(ज) सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्नेमा सो लिई उपरोक्त उद्योगलाई सबै किसिमको खानीबाट चाहिने कच्चा पदार्थ निकाल्ने, स्वयं प्रयोग गर्ने तथा बिक्री वितरण गर्ने।
(झ) समान उद्देश्य भएका अन्य कम्पनीलाई लिजमा लिई सञ्चालन गर्ने।
(ञ) अन्य कम्पनीमा लगानी गर्ने।
(ट) रेडिमिक्स कंक्रिट उत्पादन तथा बिक्री वितरण गर्ने।
(ठ) नेपालभित्र खनिज कार्य गर्ने गराउने।
(ड) प्रचलित कानूनको अधिनमा रहि धातु, अधातु खनिज वस्तुहरुको सम्भाव्यता अध्ययन गरी खानी पत्ता लगाई खानी उत्खनन गर्ने इजाजत प्राप्त गरी, उद्योग स्थापना गरी खनिज जन्य वस्तुहरु उत्पादन गर्ने तथा आवश्यक प्रशोधन गर्ने तथा बिक्री वितरण गर्ने गराउने।
(ढ) नेपाल सरकार तथा सम्बन्धित निकायको स्वीकृति लिई सरकारी, अर्ध सरकारी तथा नीजि स्तरबाट आह्वान गरिने सिमेन्ट आपूर्ति सम्बन्धी ठेक्कापट्टा, बोल कबोलमा सहभागी भई प्रचलित ऐन कानूनको अधिनमा रही निर्माण तथा मर्मत सम्बन्धी ठेक्का पट्टाको कार्य गर्ने गराउने।
(ण) कम्पनीलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु ईट्टा, ढुङ्गा, रोडा, सिमेन्ट, बालुवा, टायल, मार्वल, स्टिल वायर, ग्रिल, शटर, झ्याल, चौकोश, जस्तापाता, फलामे डण्डी, रंगरोगनका सामाग्रीहरु, मेशिन, औजार, उपकरणहरु, यन्त्रहरु, ऐना, सिसा वा जडान गर्ने, मर्मत संम्भार गर्ने तथा बिक्री वितरण गर्ने तथा गराउने।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्ने।
२. सर्वसाधारणमा शेयर जारी गरी संगठित संस्थाको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो।
३. संकलित पूँजीलाई परिचालन गरी उद्योगको क्षमता विस्तार गर्ने तथा निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्दै विदेशी मुद्रा भित्र्याउने।
४. धितोपत्र निष्काशनबाट प्राप्त हुने रकमलाई विभिन्न बैंकहरुको अल्पकालिन कर्जाको लिमिट उपभोग घटाउन प्रयोग गरिने।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.५,०००,०००,०००।- (अक्षरेपी पाँच अर्ब रुपैंया) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ५०,०००,००० (पाँच करोड) थान शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसठ्ठी करोड रुपैंया) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ४६,५००,००० (चार करोड पैंसठ्ठी लाख) थान शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु.४,०५०,०००,०००।- (अक्षरेपी चार अर्ब पाँच करोड रुपैंया) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ४०,५००,००० (चार करोड पाँच लाख) थान शेयरमा विभाजन गरिएको छ। योग्य संस्थागत लगानीकर्तालाई छुट्टाइएको २,४००,००० कित्ता र सर्वसाधारण (उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु समेत) लाई छुट्टाइएको ३,६००,००० कित्ता शेयर गरी कूल जम्मा रु.६००,०००,०००।- (साठी करोड) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- का दरको ६,०००,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसठ्ठी करोड) हुनेछ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	४०,५००,०००	४,०५०,०००,०००।००	८७.०९६७%	शतप्रतिशत
२.	सर्वसाधारण समूह (कर्मचारीहरु सहित)	२,६७०,०००	२६७,०००,०००।००	५.७४२०%	सार्वजनिक निष्काशन पश्चात् चुक्ता हुने
३.	योग्य संस्थागत लगानीकर्ता	२,४००,०००	२४०,०००,०००।००	५.१६१३%	शतप्रतिशत
४.	*स्थानीय बासिन्दाहरु (उद्योग तथा चुनढुङ्गा खानी उत्खनन् प्रभावित क्षेत्र)	९३०,०००	९,३०००,०००।००	२%	सार्वजनिक निष्काशन पश्चात् चुक्ता हुने
	जम्मा	४६,५००,०००	४,६५०,०००,०००।००	१००%	

***नोट** : स्थानीय बासिन्दाहरु (उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्र) का लागि निष्काशन गरिएको ९,३०,००० कित्ता शेयर मध्ये जम्मा २,४८,४७० कित्ता शेयरका लागि रितपूर्वक आवेदन प्राप्त भएकाले उक्त रितपूर्वक आवेदनहरुलाई माग बमोजिम बाँडफाँट गरे पश्चात् बाँकि रहेको ६,८१,५३० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिने शेयर कित्तामा समायोजन गरी सार्वजनिक निष्काशन गरिएको।

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण

त्र.सं.	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	श्री बिष्णु प्रसाद न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १९	अध्यक्ष	५८	नेपाली	११,७३४,२७९ (२८.९७%)	सिभिल इन्जिनियर (बि.ई.)	• जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.को पूर्व अध्यक्ष • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.को पूर्व अध्यक्ष	• तत्कालिन कमर्ज एण्ड ट्रष्ट बैंक लि.को पूर्व सञ्चालक • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि. को पूर्व अध्यक्ष • विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय तहको कार्य अनुभव • जगदम्बा स्पिनिङ्ग मिल्स प्रा.लि.को वर्तमान अध्यक्ष • सौरभ चिया उद्योग प्रा.लि.को वर्तमान अध्यक्ष • सौरभ फोटो इन्टरनेसनलको प्रोपाइटर।
२	श्री मिना कुमारी अग्रवाल का.जि.का.म.न.पा. वडा नं. २५	शेयरधनी	५१	नेपाली	९,२०४,२२० (२२.७३%)	प्रमाणपत्र तह	सर्वोत्तम् सिमेन्ट लि.को पूर्व सञ्चालक।	• इन्टिग्रिटी मोबिलिटी सोलुसन प्रा.लि.को सञ्चालक • आइएमएस एग्रो प्रा.लि.को सञ्चालक • आइएमएस डेभलपर प्रा.लि.को सञ्चालक • आइएमएस वर्ल्ड प्रा.लि.को सञ्चालक • हेरिटेज इन्टरनेशनल प्रा.लि. को सञ्चालक • सलोनी ट्रेड कन्सर्न प्रा.लि.को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा २० वर्षभन्दा बढीको कार्यानुभव एव. विभिन्न उद्योग, व्यापार, व्यवसाय समेतको अनुभव।
३	श्री दुर्गा प्रसाद न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	शेयरधनी	६१	नेपाली	३,९०३,४८५ (९.६४%)	प्रमाणपत्र तह	• जगदम्बा सिमेन्ट ई.प्रा. को पूर्व सञ्चालक • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि.का पूर्व सञ्चालक • सर्वोत्तम सिमेन्ट लि.को पूर्व सञ्चालक।	• जगदम्बा सेन्थेटिक्स प्रा.लि.का वर्तमान अध्यक्ष • डि पि एन इन्टरप्राइजेजको प्रोपाइटर • विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव • सिद्धेश्वर मिनरल्स प्रा.लि.का वर्तमान अध्यक्ष।
४	श्री टिकाराम न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	सञ्चालक	५५	नेपाली	३,९०३,४८५ (९.६४%)	एस.एल.सी.	• जगदम्बा सिमेन्ट ई.प्रा. लि.मा पूर्व अध्यक्ष • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि.मा पूर्व अध्यक्ष।	• लक्ष्मी स्टिल्स प्रा.लि.मा हाल अध्यक्ष • विगत दुई दशकदेखि सौरभ ग्रुपको अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव • सर्वोत्तम मिनरल्स प्रा.लि.का वर्तमान अध्यक्ष।
५	श्री तेन्जिङ्ग लाक्देन तामाङ का.जि.का.म.न.पा. वडा नं. १७	सञ्चालक	४५	नेपाली	२,७०८,१४० (६.६९%)	एम.बि.ए.	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा १० वर्षभन्दा बढीको कार्य अनुभव।	•नेटिभ होटेल प्रा. लि.को सञ्चालक।
६	श्री नेहा अग्रवाल का.जि.का.म.न.पा. वडा नं. १	शेयरधनी	३१	नेपाली	२,७३७,९१९ (६.७६%)	एम.बि.ए	-	• एभरेष्ट फमास्युटिकल प्रा.लि.को पूर्व अध्यक्ष • एभरेष्ट प्यारेन्टरल्स प्रा.लि.को पूर्व अध्यक्ष • विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव • लक्ष्मी स्टिल्स प्रा.लि. मा हाल सञ्चालक।
७	श्री कुन्ती देवी न्यौपाने रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	शेयरधनी	७९	नेपाली	१,९६८,४१९ (४.८६%)	साधारण लेखपढ	-	• सौरभ ग्रुपमा स्थापना कालदेखि हालसम्म करिब दुई दशक संरक्षकको रुपमा आवद्ध रहनु भएको।
८	श्री शिखा अग्रवाल बारा जिल्ला, कलैया न.पा. वडा नं. ५	शेयरधनी	२९	नेपाली	२,७६१,७४२ (६.८२%)	एम.बि.ए.	-	• लाइफ स्टाइल कन्सर्न प्रा.लि.को सञ्चालक • जिन भवानी इन्टरप्राइजेजको प्रोप्राइटरको रुपमा आवद्ध रही व्यापार क्षेत्रमा ५ वर्षभन्दा बढीको कार्यानुभव।

सञ्चालकहरुको विवरण

त्र.सं.	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१	श्री बिष्णु प्रसाद न्यौपाने (संस्थापक समूह) रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १९	अध्यक्ष	५८	नेपाली	११,७३४,२७९ (२८.९७%)	सिभिल इन्जिनियर (बि.ई.)	• जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.को पूर्व अध्यक्ष • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.को पूर्व अध्यक्ष	• तत्कालिन कमर्ज एण्ड ट्रष्ट बैंक लि.को पूर्व सञ्चालक • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि. को पूर्व अध्यक्ष • विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय तहको कार्य अनुभव • जगदम्बा स्पिनिङ्ग मिल्स प्रा.लि.को वर्तमान अध्यक्ष • सौरभ चिया उद्योग प्रा.लि.को वर्तमान अध्यक्ष • सौरभ फोटो इन्टरनेसनलको प्रोपाइटर
२	श्री बिमल कुमार सावरथिया प्रतिनिधित्व (कृष्ण ईन्टरनेशल प्रा.लि.का तर्फबाट) का.जि.का.म.न.पा. वडा नं.२९, डिल्लीबजार	सञ्चालक	५४	भारतिय	५९,५५९ १.२८%	-	सर्वोत्तम् सिमेन्ट लि.को पूर्व प्रतिनिधि सञ्चालक समेत रहनु भएको	कृष्ण ईन्टरनेशल प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ८२८४३/०६७/०६८ अन्तर्गत मिति २०६८ बैशाख १९ गते दर्ता भएको कम्पनी हो। यस कम्पनीको मुख्य उद्देश्य स्वदेश तथा विदेशमा उत्पादित कम्प्युटर, इलेक्ट्रोनिकल लगायतका सामानहरुको होलसेल तथा रिटेल व्यापार गर्ने रहेकोछ
३	श्री टिकाराम न्यौपाने (संस्थापक समूह) रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९	सञ्चालक	५५	नेपाली	३,९०३,४८५ (९.६४%)	एस.एल.सी.	• जगदम्बा सिमेन्ट ई.प्रा. लि.मा पूर्व अध्यक्ष • शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि.मा पूर्व अध्यक्ष	• लक्ष्मी स्टिल्स प्रा.लि.मा हाल अध्यक्ष • विगत दुई दशकदेखि सौरभ ग्रुपको अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव • सर्वोत्तम मिनरल्स प्रा.लि.का वर्तमान अध्यक्ष
४	श्री दिवस न्यौपाने (संस्थापक समूह) का.जि.का.म.न.पा. वडा नं. ११	सञ्चालक	३०	नेपाली	५,९५६ (०.०१४७%)	स्नातक (कमर्स)	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालक	सर्वोत्तम सिमेन्ट लि.मा सन् २०१० देखि समग्र रुपमा उद्योगको सुपरिवेक्षकको रुपमा कार्यरत
५	श्री तेन्जिङ्ग लाक्देन तामाङ (संस्थापक समूह) का.जि.का.म.न.पा. वडा नं. १७	सञ्चालक	४५	नेपाली	२,७०८,१४० (६.६९%)	एम.बि.ए.	सर्वोत्तम सिमेन्ट लि.को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा १० वर्षभन्दा बढीको कार्य अनुभव।	नेटिभ होटेल प्रा.लि.को सञ्चालक

नोट: स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरी शेयर बाँडफाँट गरे पश्चात् सर्वसाधारण समेतको उपस्थितिमा सम्पन्न हुने पहिलो साधारणसभाबाट कम्पनीले नियमावलीमा भएको व्यवस्था बमोजिम स्वतन्त्र सञ्चालक र महिला सञ्चालक नियुक्त गर्नेछ।

१०. उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१	श्री सन्तोष के.सी.	प्रमुख कार्यकारी अधिकृत	चाटर्ड एकाउन्टेण्ट तथा एल.एल.बि.	२०७९/०२/२६	• ज्योती विकास बैंक लि.मा लेखा तथा वित्त शाखाको इन्चार्ज भई १ वर्ष ५ महिनाको कार्यानुभव • पञ्चकन्या ग्रुपमा वित्त व्यवस्थापक तथा कम्पनी सचिव भई २ वर्षको कार्यानुभव • सौरभ ग्रुप अन्तर्गत सर्वोत्तम सिमेन्ट लि.मा लेखा तथा वित्त प्रमुख भई ५ वर्ष ५ महिनाको कार्यानुभव सहित जम्मा ८.५ वर्षको कार्यानुभव।	नभएको
२.	श्री निर बहादुर बुढाथोकी	लेखा तथा वित्त प्रमुख	एम.बि.एस.	२०६९/११/११	• गोरखा इन काउण्टर प्रा.लि.मा लेखा प्रबन्धकको रुपमा ५ वर्षको कार्यानुभव • हेरीटेज फ्लोरिङ्ग कार्पेट उद्योग प्रा.लि लेखा प्रबन्धकको रुपमा २ वर्षको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि.मा लेखा तथा वित्त प्रमुखको रुपमा १० वर्षको कार्यानुभव गरी जम्मा १७ वर्षको कार्यानुभव।	नभएको
३.	श्री दिपक बराल	भि.पि. सेल्स	ई.एम.बि.ए.	२०७९/०३/०१	• पेप्सीको प्रा.लि. मा सेल्स Executive भई २ वर्षको कार्यानुभव • एसियन पेन्टस्मा नेशनल सेल्स म्यानेजर भई १८ वर्षको कार्यानुभव • सम्राट सिमेन्टमा जनरल म्यानेजर भई ९ महिनाको कार्यनुभव।	नभएको
४.	श्री गोपाल कुमार सारदा	ब्राण्ड तथा प्रमोशन प्रमुख	एम.वि.ए.	२०७३/०६/०६	• मारुती सिमेन्ट लि.मा असिस्टेन्ट मार्केटिङ्ग म्यानेजर भई ६ वर्षको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि.मा ब्राण्ड तथा प्रमोशन प्रमुख भई ६ वर्ष गरी जम्मा १२ वर्षको कार्यानुभव।	नभएको
५.	श्री अभिषेक झा	प्रोजेक्ट सेल्स प्रमुख	एम.ई. कस्ट्रक्सन	२०७३/०१/०६	• डिपार्टमेन्ट अफ अवान डेभलपमन्ट एण्ड बिल्डिङ्ग कस्ट्रक्सन नेपालमा सिभिल ईन्जिनियरको रुपमा १ वर्ष ५ महिनाको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि.मा प्रोजेक्ट सेल्स प्रमुखको रुपमा ५ वर्षको कार्यानुभव सहित जम्मा ७ वर्षको कार्यानुभव।	नभएको
६.	श्री नवराज पौडेल	कम्पनी सचिव	एम.ए., एल.एल.एम.	२०७४/०१/०६	• प्रिमियर फाईनान्स लि.मा कम्पनी सचिव भएर ८ वर्षको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि.मा ५ वर्ष ५ महिनाको कार्यानुभव गरी जम्मा १३ वर्ष ५ महिनाको कार्यानुभव।	नभएको
७.	श्री अशोक कुमार ठाकुर	बरिष्ठ प्रबन्धक-खानी शाखा	बि.टेक. मेकानिकल	२०७१/०९/०१	• एमएडब्लु इन्टरप्राइजेजमा सर्भिस इन्जिनियर तथा व्यवस्थापक भई ९ वर्षको कार्यानुभव • एन.ए.सी. भरतपुरमा महाप्रबन्धक भई ४ वर्षको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि.मा खानी शाखा प्रमुख भई ८ वर्षको कार्यानुभव गरी जम्मा २१ वर्षको कार्यानुभव।	नभएको
८.	श्री सुरेन्द्र महासेठ	इलेक्ट्रिकल्स एण्ड इस्टुमेन्टेसन प्रमुख	ए.एम.आई.ई. (इलेक्ट्रिकल)	२०७१/०४/१४	• कन्सुल कन्सोलिडेटेड प्रा.लि., भारतमा सर्भिस इन्जिनियर भई २ वर्षको कार्यानुभव • डि.डि.सी. आर.इ.डि. एस, बाजुरा नेपालमा सोलार इनर्जी एक्सपर्ट भई १ वर्षको कार्यानुभव • इन्भारोटेक प्रा.लि. नेपालमा सेल्स एण्ड सर्भिस इन्जिनियर भई २ वर्षको कार्यानुभव • त्रिपुरेश्वर कन्डक्टर उद्योग प्रा.लि., नेपालमा प्रोजेक्ट मेनेजर भई ५ वर्ष ५ महिनाको कार्यानुभव • शिवम् सिमेन्ट लि.मा इलेक्ट्रिकल मेनेजर (प्रमुख इलेक्ट्रिकल्स एण्ड इन्स्टुमेन्टेसन) भई १ वर्ष ८ महिनाको कार्यानुभव • सि.जी. सिमेन्ट इण्डष्ट्रिज प्रा.लि.मा इलेक्ट्रिकल्स एण्ड इन्स्टुमेन्टेसन प्रमुख भई १ वर्ष ८ महिनाको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि.मा इलेक्ट्रिकल्स एण्ड इन्स्टुमेन्टेसन प्रमुख भई ७ वर्ष ५ महिनाको कार्यानुभवका साथ जम्मा लगभग २१ वर्षको कार्यानुभव।	नभएको
९.	श्री नेत्र प्रसाद घिमिरे	प्रशासन प्रमुख-फ्याक्ट्री	बि.बि.एस.		• ह्यारी कलेक्सनमा स्टोर किपर भई ३ वर्षको कार्यानुभव • फेमिली फुड सेन्टर डब्लु एल एल, दोहा, कतारमा स्टोर किपर तथा प्रशासन अफिसर भई ६ वर्षको कार्यानुभव • सर्वोत्तम सिमेन्ट लि. फ्याक्ट्रीमा प्रशासन प्रमुख भई ९ वर्षको सहित जम्मा १८ वर्षको कार्यानुभव।	नभएको

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम (२७) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ। जस अनुसार सञ्चालक समिति देहाय बमोजिम रहेको छ :

संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक	५ जना
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक	१ जना
स्वतन्त्र व्यवसायिक सञ्चालक	१ जना
जम्मा	७ जना

नोट: कम्पनीले बुक बिल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ता, उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिक तथा सर्वसाधारणमा धितोपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारणसभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ। हाललाई स्वतन्त्र व्यवसायिक सञ्चालकको पद रिक्त रहेको छ।
कम्पनीको नियमावलीको नियम (२७) मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ, तर नेपाल सरकार वा कम्पनीको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र व्यवसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन भन्ने उल्लेख भएको छ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी ऐन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात *(रकम रु. हजारमा)*

विवरण	वास्तविक							*अपरिक्षृत	प्रक्षेपित		
	सर्वोत्तम सिमेन्ट लि.				समूह			२०८० आश्विन मसान्त			
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०		आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
सम्पत्ति											
गैर चालु सम्पत्ति											
सम्पत्ति प्लान्ट र उपकरण	७,३६८,२४१	७,९००,१७१	७,५२७,७९७	८,२६७,४६९	८,११४,७७०	७,७४२,८२१	८,५७३,४६३	८,१७०,४७३	७,८७१,६८६	७,५४७,५९६	७,२३९,६४९
अमूर्त सम्पत्ति	२,६२४	१,९२५	१,६२२	१,२३८	१,९२५	१,६२२	१,२५९	१,०५०	२९८	-	-
वित्तीय सम्पत्ति	-	-	-								
लगानी	-	२०६,०३७	२५६,०३७	५५६,०३७	२६,३५५	२६,३५५	४१,८७२	५५६,०३७	५५६,०३७	५५६,०३७	५५६,०३७
स्थगन कर सम्पत्ति	-	-	-	-		-	-	-	-	-	-
अन्य गैर चालु सम्पत्ति	३५२,५४१	-	३,७७१	१२,४०३	२१,६१०	१०५,९५२	१३९,८१७	१२,४०३	-	-	-
जम्मा गैर चालु सम्पत्ति	७,७२३,४०६	८,१०८,१३२	७,७८९,२२७	८,८३७,१४६	८,१६४,६६०	७,८७६,७५०	८,७५६,४१३	८,७३९,९६२	८,४२८,०२१	८,१०३,६३३	७,७९५,६८६
चालु सम्पत्ति											
मौज्दात	१,१७१,३०३	१,४१३,४८९	२,७००,८६७	२,४९४,२६४	१,४२४,८७३	२,७०८,४५१	२,५०१,३२६	२,५९९,९७८	१,७७०,९६५	१,८५०,००८	१,९३१,१७५
वित्तीय सम्पत्ति											
व्यापार वापत लिनुपर्ने	१,३४१,७६३	१,२६८,०३२	१,४८३,१६७	१,७०८,३३९	१,३०६,३१०	१,५४७,६६७	१,७२५,४०९	१,९१७,८०५	१,५४०,६२०	१,६८३,२५१	१,८४७,८९२
नगद र नगद सरह बराबर	८१,५५७	१७४,९००	८९,०५५	१४९,९७२	१८०,६९१	१०८,८४५	१५६,२६२	२०६,५१८	१५२,९७७	१६२,८६४	१६६,७२६
बैंक ब्यालेन्स	-	-	४३,५००	-	-	४३,५००	-				
अन्य	२२९,९६२	५६२,८७७	२२१,८१२	१७,८६५	५६२,८७७	२२१,८१२	१७,८६५	२६,७५६	२७,५०३	२८,९१२	३०,४००
अन्य चालु सम्पत्ति	२१०,६१७	२९६,६५१	५०७,८१६	१९२,९९३	२१३,१८५	३७५,७५८	२५८,६६४	(४१८,१५७)	१०८,१६९	११०,२३८	११२,३९५
आयकर सम्पत्ति	-	-	२६,५४८	२३,४५७	-	२८,८१०	२६,०४९	१३,८४४	-	-	-
जम्मा चालु सम्पत्ति	३,०३५,२०४	३,७१५,९४८	५,०७२,७६६	४,५८६,८९१	३,६८७,९३५	५,०३४,८४३	४,६८५,०७५	४,३४६,७४४	३,६००,२३४	३,८३५,२७३	४,०८८,५८७
कुल सम्पत्ति	१०,७५८,६१०	११,८२४,०८०	१२,८६१,९९३	१३,४२४,०३६	११,८५२,५९५	१२,९११,५९३	१३,४४१,४८८	१३,०८६,७०६	१२,०२८,२५५	११,९३८,९०६	११,८८४,२७३
पूँजी तथा दायित्व											
पूँजी											
शेयर पूँजी	१,९८०,०००	४,०५०,०००	४,०५०,०००	४,०५०,०००	४,०५०,०००	४,०५०,०००	४,०५०,०००	४,०५०,०००	४,६५०,०००	४,६५०,०००	४,६५०,०००
जगेडा कोष	-	-	-	-	-	-	-	-			
अन्य पूँजी	२,८७५,३७४	२,४३५,२४८	२,९०५,४३२	३,१२०,१२०	२,४३६,८८३	२,९०९,४०४	३,११५,४०९	३,५३३,६०२	४,९८५,८१५	४,८५१,५३९	४,६४१,६५०
रिजर्भ पुर्णमूल्याङ्कन				३३६,८५४			३३६,८५४				
जम्मा शेयर पूँजी	४,८५५,३७४	६,४८५,२४८	६,९५५,४३२	७,५०६,९७५	६,४८६,८८३	६,९५९,४०४	७,५०२,२६३	७,५८३,६०२	९,६३५,८१५	९,५०१,५३९	९,२९१,६५०
गैर चालु दायित्वहरु								-			
वित्तीय दायित्वहरु								-			
क) दीर्घकालिन ऋण	२,५१४,८७१	७०१,६९२	४७२,८५५	३२१,९६३	७०५,७३०	४७३,७०१	३२१,९६३	१३८,७७९	१८९,६६६	४८,००२	-
ख) प्रावधानहरु	-	-	-	-	-	-	-	-	-	-	-
ग) स्थगन कर दायित्व	११३,७८३	१९५,५९८	२६५,९४६	३१८,४८९	१९५,८७६	२६६,३३३	३२०,१६८	३१७,८०१	४८७,७७९	५५७,५७४	६०६,३०४
जम्मा दीर्घकालिन दायित्वहरु	२,६२८,६५५	८९७,२९०	७३८,८०१	६४०,४५२	९०१,६०७	७४०,०३४	६४२,१३१	४५६,५८०	६७७,४४४	६०५,५७६	६०६,३०४
चालु दायित्व								-			
वित्तीय दायित्वहरु								-			
व्यापार बापत तिनुपर्ने	६५३,००५	७९९,५०७	७९४,४३३	६३०,४७६	८१५,०१६	८१३,३२१	६४६,१५२	५९१,०५०	१,१००,३८३	९९०,३४५	८९१,३१०
क्रियाशील पूँजी	२,१३२,३७०	२,८९५,३९८	३,३५१,४६६	३,४५३,५२६	२,८९८,३५१	३,३५४,६६६	३,४५४,४६३	४,०४४,३४४	२९७,३४१	४७१,२५९	६७७,९८३
अन्य वित्तीय दायित्व	९२,४५६	१४१,६०५	५४,४९७	३२,२७५	१४१,९२२	५४,८५९	३३,६००	७,१७०	१२०,२६२	१४१,५६०	१६०,४०६
अन्य वित्तीय दायित्वहरु	३४४,६५०	५१९,८८१	९११,१५२	१,११०,०५८	५२५,२५१	९४१,०९७	१,११२,६०५	३५५,९८४	१३२,९०३	१३९,६८८	१४७,७६८
प्रावधानहरु	३७,३७४	४५,०६६	४८,२१२	५०,२७५	४५,०६६	४८,२१२	५०,२७५	४७,९७६	६२,००५	७५,६७९	९१,३३४
आयकर पछिको दायित्वहरु	१४,७२६	४०,०८५	-	-	३८,५०१	-	-	-	२,१०२	१३,२६०	१७,५१८
जम्मा चालु दायित्व	३,२७४,५८३	४,४४१,५४३	५,१६७,७६०	५,२७६,६१०	४,४६४,१०६	५,२१२,१५६	५,२९७,०९४	५,०४६,५२४	१,७१४,९९६	१,८३१,७९१	१,९८६,३२०
कुल दायित्वहरु	५,९०३,२३८	५,३३८,८३३	५,९०६,५६१	५,९१७,०६२	५,३६५,७१३	५,९५२,१९०	५,९३९,२२५	५,५०३,१०४	२,३९२,४४०	२,४३७,३६७	२,५९२,६२४
कुल पूँजी तथा दायित्व	१०,७५८,६१३	११,८२४,०८०	१२,८६१,९९३	१३,४२४,०३६	११,८५२,५९५	१२,९११,५९३	१३,४४१,४८८	१३,०८६,७०६	१२,०२८,२५५	११,९३८,९०६	११,८८४,२७३

नाफा-नोक्सान हिसाव *(रकम रु. हजारमा)*

विवरण	वास्तविक							*अपरिक्षृत	प्रक्षेपित		
	सर्वोत्तम सिमेन्ट लि.				समूह			२०८० आश्विन मसान्त			
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०		आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
आम्दानी											
सञ्चालनबाट आम्दानी	७,३५२,८६०	८,९३७,८३७	७,८८१,४९९	५,३८०,२६५	८,९७४,५१५	७,९११,३३९	५,३९९,९३५	१,५७९,१६७	७,८९०,५९४	८,१४१,०१६	८,७२३,९९८
बिक्रीको लागत								१,३१०,०७१	६,२२६,५११	६,३५१,२२७	६,७१८,६७५
अन्य आम्दानी	२२,०९८	११,९६७	८०,०६५	१०,९२७	८,९३५	८३,९५६	१०,७८१	१३,६०५	११,०३५	११,२४६	११,४६७
जम्मा आम्दानी	७,३७४,९५९	८,९४९,८०४	७,९६१,५६४	५,३९१,१९३	८,९८३,४५०	७,९९५,२९५	५,४१०,७१६	२६९,०९६	१,६६४,०८३	१,७८९,७८९	२,००५,३२३
प्रशासनिक खर्च								१०,३६९	२८२,७०९	३१०,०७७	३३५,९८४
कच्चा पदार्थ खपत	१,७८३,८९३	२,७६२,६८९	२,४००,००५	२,०४२,२८४	२,७५५,०८५	२,३४०,४०२	२,००२,४५०	-	-	-	-
विद्युत तथा इन्धन खर्च	२,५७३,९३२	३,१३७,९४६	३,११६,२८०	१,९७५,६८०	३,१३७,९४६	३,११६,२८०	१,९७५,६८०	-	-	-	-
तयारी पदार्थको मौज्दातमा परिवर्तन	(९८,५७३)	(१९७,७७९)	५३,५१९	(१२४,४२२)	(१९७,७७९)	५३,५१९	(१२६,०७२)	-	-	-	-
कर्मचारी खर्च	२९७,४६८	४२८,७८५	३६०,३१५	२४९,४८४	४३२,७०९	३६३,५०४	२५१,०८६	२१,७२८	-	-	-
मूल्य ह्रास खर्च	५३५,५४९	५७०,३०९	६७०,९१६	२३१,४७२	५७१,९५९	६७५,०४६	२३६,५६८	२१,७५४	-	-	-
अन्य खर्च	८०५,५४२	५४०,१७२	४७३,७२७	३३८,६५१	५७२,४८५	५५३,९८८	३९८,७३९		-	-	-
वित्तीय खर्च	५४४,३८०	२०५,६०३	३२५,४५९	४०९,११५	२०५,९२३	३२५,९३९	४०९,४४५		-	-	-
बिक्री तथा वितरण खर्च	-	-	-	-	-	-	-	३२,८३४	१७६,७११	१९०,०३५	२०१,६९२
वित्तीय लागत	-	-	-	-	-	-	-	९९,९१३	१८८,५१८	७०,३००	७०,०९५
जम्मा खर्च	६,४४२,१९१	७,४४७,७२५	७,४००,२२०	५,१२२,२६३	७,४७८,३२७	७,४२८,६७७	५,१४७,८९६	९६,१०३	६४७,९३८	५७०,४१२	६०७,७७१
कर अघिको निरन्तर सञ्चालनमा नाफा/नोक्सान	९३२,७६८	१,५०२,०७९	५६१,३४४	२६८,९२९	१,५०५,१२३	५६६,६१८	२६१,९८७	९६,१०३	१,०१७,१८०	१,२३०,६२३	१,४०९,०१९
कर खर्चहरु											
यस वर्षको आयकर	१८,२८८	१०९,९०८	२३,३३६	२,५१८	११०,५०८	२४,०८४	२,९६८	४,७७०	२१,०१६	१३२,६०४	१७५,१७९
स्थगन कर	१३६,८०४	८१,८१५	७०,३४८	५२,५४४	८२,०९४	७०,४५७	५३,८३५	७,७५८	१७७,७३६	६९,७९५	४८,७३०
निरन्तर सञ्चालनबाट यस वर्षको खुद नाफा/(नोक्सान)	७७७,६७६	१,३१०,३५७	४६७,६६१	२१३,८६८	१,३१२,५२२	४७२,०७७	२०५,१८५	८३,५७५	८२८,४२८	१,०२८,२२४	१,१८५,१११
अवरुद्ध संचालनहरु	-	-	-	-	-	-	-	-	-	-	-
कर अघिको अवरुद्ध सञ्चालनबाट नाफा	-	-	-	-	-	-	-	-	-	-	-
अवरुद्ध संचालनको कर	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्षको नाफा/(नोक्सान)	७७७,६७६	१,३१०,३५७	४६७,६६१	२१३,८६८	१,३१२,५२२	४७२,०७७	२०५,१८५	८३,५७५	८२८,४२८	१,०२८,२२४	१,१८५,१११

•अघिल्लो आ.व. को तुलनामा आ.व. २०७९/८० मा कम्पनीको उत्पादन तथा बिक्री करीब ३१ प्रतिशतले घटेको र सो अवधिमा उद्योग तथा खानी उत्खनन् केन्द्रमा संलग्न कर्मचारीहरुमध्ये उद्योग सञ्चालनसँग सम्बन्धित कर्मचारीलाई काममा नलगाइएको एवं खानी उद्योग सँग सम्बन्धित कर्मचारीलाई कम्पनीको खानी उद्योगसँग सम्बन्धित सहायक कम्पनीहरुमा पदस्थापन तथा स्थानान्तरण गरिएको, जसले गर्दा अघिल्लो आ.व.को तुलनामा आ.व. २०७९/८० मा कम्पनीको कर्मचारी तलब भत्ता खर्च कूल रकम रु. ६,५६,८२,२३८।- बराबर घट्न गएको।
कम्पनीले प्रचलित बोनस ऐन बमोजिम करयोग्य मुनाफाको १० प्रतिशतको दरले कर्मचारीलाई बोनश रकम वितरण गर्दै आएकोमा आ.व.२०७९/०८० को करयोग्य मुनाफा हरहिसाब गर्दा आयकर ऐन, २०५८ को प्रावधान बमोजिम अतिरिक्त ह्रासकट्टी समायोजन गर्दा कर योग्य मुनाफा नभएकोले कर्मचारी बोनसको व्यवस्था नगरिएको।
•आर्थिक वर्ष २०७१/०७२ देखि उत्पादन शुरु गरेको यस उद्योगले आ.व. २०७८/०७९ सम्म (८ वर्ष) नेपाल लेखामान बोर्डले जारी गरेको प्लान्ट तथा उपकरण सम्बन्धी Application Guidelines बमोजिम प्लान्ट तथा उपकरणको आयु मानेर ह्रासकट्टी गरिरहेकोमा आ.व. २०७९/८० को लागि सोही निर्देशिका बमोजिम उपकरणको आयुमा ६०% भन्दा बढी समय वितिसकेको हुँदा उपकरणको बाँकी आय पुनः निर्धारण गर्ने आवश्यक देखिएकोले सोही निर्देशिका बमोजिम स्वतन्त्र परामर्शदाता श्री विनिता इन्जिनियरिङ्ग सेवा, रुपन्देहीलाई नियुक्त गरी आयु निर्धारण गरिएको हुँदा सोही बमोजिम उपकरणको आयु अनुसार आ.व. २०७९/८० मा उपकरण तथा सम्पत्तिको ह्रासकट्टी गर्दा कम्पनीको परिशोधन तथा ह्रास खर्च वापत कूल रकम रु.५,३३,६६,३२०।०४ बराबर घट्न गएको।

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. ***ब्याजदर :*** कर्जा लगानी अवधिभर तल उल्लेखित कर्जा शिर्षक र मुद्दती बचतमा ब्याजदर स्थिर हुने प्रक्षेपण गरिएको छ।
   - दीर्घकालिन ऋण : १०.५०% वार्षिक
   - ब्रीज ग्याप कर्जा : १०.५०% वार्षिक (दीर्घकालिन ऋण, ब्रीज ग्याप कर्जा र क्रियाशिल पूँजीको कर्जा रकम कर्जा अवधिभर समान रहने प्रक्षेपित वित्तीय विवरणमा अनुमान गरिएकोछ।
   - क्रियाशील पूँजी : १०.५०% वार्षिक
२. ***मुद्रास्फिती दर :*** ६.८३% वार्षिक (सन् २०११ देखि सन् २०२१ सम्मको मुद्रा स्फितीको औषतको आधारमा गणना गरिएको)।
३. ***आयकर दर (Industrial Tax Rate):***
   - आर्थिक वर्ष २०७९/८० : १२.०८% (आयकर ऐन, २०५८ को दफा ११ (३ क) मा व्यवस्था भए बमोजिम आकर्षित हुने करको दरमा आ.व. २०७९/८० देखि २५ प्रतिशत छुट रहेको)।
   - आर्थिक वर्ष २०८०/८१-२०८२/८३ : १५% (आयकर ऐन, २०५८ को दफा ११ (३ क) मा व्यवस्था भए बमोजिम आकर्षित हुने करको दरमा आ.व. २०७९/८० देखि २५ प्रतिशत छुट रहेको)।
४. ***आयकर दर (Trading Income) :*** २५%
५. लाभांश वितरण आयकर : ५%
६. कर्मचारी खर्च वार्षिक ५% ले वृद्धि हुने अनुमान गरिएको छ। साथै, कर योग्य मुनाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याइएको छ।
७. भाडा खर्च १०% को दरले वृद्धि हुने अनुमान गरिएको छ।
८. ***ह्रासकट्टी :*** स्थिर सम्पत्तिको ह्रासकट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Straght Line Method) अनुसार कट्टी गरिएको।

नेटवर्थ

विवरण	वास्तविक			आ.व.०७९/८०	प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
चुक्ता पूँजी (रु. हजारमा)	१,९८०,०००	४,०५०,०००	४,०५०,०००	४,०५०,०००	४,६५०,०००	४,६५०,०००	४,६५०,०००
जगेडा तथा कोष (रु. हजारमा)	२,८७५,३७४	२,४३५,२४८	२,९०५,४३२	३,४५६,९७५	४,९८५,८१५	४,८५१,५३९	४,६४१,६५०
कुल नेटवर्थ	४,८५५,३७४	६,४८५,२४८	६,९५५,४३२	७,५०६,९७५	९,६३५,८१५	९,५०१,५३९	९,२९१,६५०
खुद नाफा/(नोक्सान) (रु. हजारमा)	७७७,६७६	१,३१०,३५७	४६७,६६१	२१३,८६८	८२८,४२८	१,०२८,२२४	१,१८५,१११
शेयर संख्या (रु. हजारमा)	१९,८००	४०,५००	४०,५००	४०,५००	४६,५००	४६,५००	४६,५००
प्रति शेयर नेटवर्थ (रु.)	२४५.२२	१६०.१३	१७१.७४	१८५.३६	२०७.२२	२०४.३३	१९९.८२
प्रति शेयर आम्दानी (रु.)	३९.२८	३२.३५	११.५५	५.२८	१७.८२	२२.११	२५.४९
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औषत प्रतिफल/रिटर्न (प्रतिशत)	१६.०२	२०.२१	६.७२	२.८५	८.६०	१०.८२	१२.७५
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा) :							२.५५%

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ९.९३%

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठीक छ भनि सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट, पुरानो बानेश्वर, काठमाण्डौद्वारा प्रमाणित गरिएको हो।

१४. सकारात्मक पक्षहरु :

१. सर्वोत्तम सिमेन्ट डेनमार्कबाट आयातित अत्याधुनिक VRM प्रविधि प्रयोग गरिएको सिमेन्ट उत्पादन गर्दा विद्युतमा ३०% बचत हुने तथा कोइला खपतमा २०% सम्म बचत हुने भएकाले लागत कम हुने।
२. चुनढुङ्गा संकलनको लागि प्रयाप्त क्षेत्रफल सहितको चुनढुङ्गा राख्न सक्ने क्षमतायुक्त भण्डारण।
३. वातावरणीय वायु प्रदुर्षण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस निर्माण तथा नेपाल गुणस्तर चिन्ह, ISO प्रमाण पत्र १४००१:२०१५ र आइसओ प्रमाण पत्र ९००१:२०१५ को मान्यता प्राप्त।
४. उद्योगमा २४ सै घण्टा आफ्नै अत्याधुनिक ल्यावबाट हरेक घण्टामा उत्पादन परीक्षण गर्ने व्यवस्था भएको।
५. चुनढुङ्गाको गुणस्तर परिक्षणको लागि स्वचालित X-ray Machinery उद्योग मै जडित।
६. दुई दशकभन्दा बढी सिमेन्ट उद्योग सञ्चालन गरेका अनुभवी सञ्चालकहरुबाट सञ्चालित उद्योग।
७. कम्पनीसँग ९० वर्षलाई पुग्ने चुनढुडा खानी रहेकोले भविष्यमा दोब्बर क्षमता वृद्धि गर्न पर्याप्त रहेको।
८. ICRA Nepal Ltd. ले कम्पनीको Issuer Rating मा उल्लेख गरे अनुसार बजारमा उच्च प्रतिस्पर्धामा खरो रुपले लामो समयका लागि उत्रन सक्ने क्षमता रहेको।
९. ६० हजार मे.टन भन्दा बढी भण्डारण क्षमता भएको क्लिंकर भकारी (साइलो) रहेको।
१०. २०.०५ मे.वाट क्षमता भएको विद्युतिय आपूर्ति दिने आन्तरिक स्रोत रहेको।
११. खानीदेखि उद्योगसम्मको औषत दूरी निकै कम रहेको।
१२. फरक फरक प्रकार तथा ग्रेडको सिमेन्ट स्वचालित रुपमा एकै पटकमा प्याकिङ्ग तथा निष्काशनका लागि दुई वटा प्याकिङ्ग प्लान्ट रहेको।
१३ विद्युतको लोडसेडिग भएमा उद्योगको आफ्नै ५ मेगावाटको थर्मल पावर प्लान्ट, ४.७५ मे.वा. को डिजेल प्लान्ट र १०.३ मे.वा. को फरनेस आयल जनेरेटरबाट २४ सै घण्टा उद्योग सञ्चालन गर्ने गरी बैकल्पिक व्यवस्था रहेको।
१४ नेपाल गुणस्तर तथा नापतौल विभागबाट ४३ ग्रेड तथा ५३ ग्रेड को ओ.पि.सी. सिमेन्ट उत्पादन तथा बिक्री वितरणको इजाजतपत्र प्राप्त गरी सकेको।

साथै उत्पादित सिमेन्टको हरेक ब्याच सरकारी तथा अन्य नीजि ल्याबहरुमा समेत नियमित रुपमा गुणस्तर परीक्षण गर्ने गरिनुका साथै सिमेन्टको Compressive Strength परिक्षण गर्ने उच्च प्रविधियुक्त मेशिनरी जडित टेक्निकल भ्यानबाट सिमेन्टको ज्ञान भएका अनुभवी ईन्जिनियर, प्राविधिक मार्फत निर्माणस्थलमा गई आफ्नो सिमेन्टको गुणस्तरको निःशुल्क रुपमा जानकारी गराउने व्यवस्था मिलाईएको छ। कम्पनीले उत्पादन गरेको सिमेन्ट उच्च स्तरीय गुणस्तरको रहेको छ। उल्लेखित कुराहरुका अतिरिक्त हाल बजारमा अत्याधिक मात्रामा रुचाइएको र आम उपभोक्ताको रोजाईमा सर्वोत्तम सिमेन्ट परेको हुँदा अग्रणी ब्राण्डका रुपमा स्थापित हुनु, कुशल एवं अनुभवी सञ्चालक तथा सम्बन्धित क्षेत्रमा लामो कार्यानुभव भएका कर्मचारीहरु कम्पनीमा आवद्ध रहनु, नेपाल कै अग्रणी सरकारी तथा नीजि क्षेत्रबाट सञ्चालित बैंकहरुबाट परियोजना अनुरुपको कर्जा लगानी समेत भईसकेको लगायतका कार्यहरु कम्पनीका सकारात्मक पक्षहरु हुन्।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने। यस सन्दर्भमा जोखिमहरुलाई कम्पनीको आन्तरिक वा व्यवसाय/उद्योगसँग प्रत्यक्ष अथवा कम्पनीको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने। संगठित संस्थाले बहन गर्ने जोखिमहरु देहाय बमोजिम रहेका छन् :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम : उद्योग सञ्चालनमा आइसकेको साथै संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भैसकेको र बैंकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- सिमेन्ट उद्योगको लागि चाहिने चुनढुङ्गा कम्पनीसँग प्रयाप्त मात्रामा मौज्दात रहेको।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थहरु कोईला, आइरनओर, कच्चा फलाम, माटो, जिप्सम आदि पदार्थहरुको अभाव हुन नदिन कम्पनीले आवश्यकता अनुसार मौज्दात राख्ने व्यवस्था मिलाएको।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
हालको अवस्थामा कम्पनीबाट उत्पादित सम्पूर्ण वस्तु मजबुत सञ्जाल मार्फत सजिलै बजारसम्म पुऱ्याउन सक्षम रहेको र बजारको स्थिति भविष्यमा परिवर्तन आएमा कम्पनीको उत्पादनको मागमा कमी आउन सक्ने जोखिम रहेकोले सो जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आफ्नो बिक्री सञ्जाललाई व्यापक रुपमा विस्तार गर्ने योजना लिएको छ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
उद्योग सञ्चालनमा आइसकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको।

(ङ) विदेशी विनिमयको जोखिम :
उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ कोइला दक्षिण अफ्रिका लगायतका देशहरुबाट अमेरिकी डलरमा आयात गरिने हुदा विदेशी विनिमय परिवर्तन भएमा त्यसको असर पर्न जाने र उक्त असरलाई न्यूनिकरण गर्न Forward Contract कार्यान्वयन गर्ने नीति लिइएको छ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :
हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
अन्तर्राष्ट्रिय बजारमा क्षेत्रीयकरण र विश्वव्यापिकरणका कारण उद्योगलाई आयात गर्नु पर्ने कच्चा प्रदार्थको मूल्यमा आउन सक्ने उतारचढावका कारण हुने जोखिम रहेको हुँदा सो लाई न्यूनिकरण गर्नका लागि समयमा नै कच्चा प्रदार्थहरु पर्याप्त मात्रामा मौज्दातमा राख्ने नीति कम्पनीको रहेको छ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा तथा छिमेकी मुलुकहरुबाट उत्पादन हुने सिमेन्ट आयातमा कुनै नीतिगत परिवर्तन हुन गएको अवस्थामा जोखिम हुने देखिन्छ।

(झ) सञ्चालन इतिहासको अभाव :
कम्पनी सन् २०१० मा स्थापना भई सिमेन्ट उत्पादन गर्दै आएका कम्पनीमा रहेका सञ्चालक र व्यवस्थापकहरुसँग उद्योग सञ्चालन सम्बन्धी दुई दशकभन्दा लामो अनुभव रहेकोले उक्त जोखिम नरहेको।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :
कम्पनीले हाल प्रयोग गरिरहेको प्रविधिहरु युरोपियन स्ट्याण्डर्डको रहेको तर विश्वव्यापी रुपमा नै नयाँ प्रविधिहरुको विकास भई नयाँ प्रविधि अनुसार उत्पादन गर्नुपर्ने अवस्था रहेमा कम्पनी समय सापेक्ष प्रविधिको अवलम्बन गर्न सक्षम रहेको छ।

(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :
पुर्वाधार सम्बन्धी निर्माण सम्पन्न भैसकेकोले उक्त जोखिम नरहेको।

(ठ) अन्य :
- दैबि प्रकोप, महामारी (कोरोना Covid-19) तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई चुनढुङ्गा उत्खननमा हुन सक्ने जोखिम।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

अन्य जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :
सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्ने सम्बन्धमा यस कम्पनीले देहायका उपायहरु अपनाइएको छ :

(१) कम्पनीले वितरकको नियुक्ती कानुन बमोजिमको करार सम्झौता गरी नियुक्त गर्ने गरेको छ। वितरकहरुलाई उधारोमा सामान बिक्री गर्दा हुन सक्ने जोखिमलाई ध्यानमा राखी वाणिज्य बैंकहरुबाट कम्पनीको पक्षमा जारी हुने बैंक ग्यारेण्टी लिई बैंक ग्यारेण्टीको सीमा भित्र रही बिक्री गरेको र केहि ग्राहकहरुसँग उधारोमा बिल जारी गर्नु पूर्व कम्पनीको नाममा खिचिएको चेक प्राप्त गरेपछि मात्र सामान लोड गरी पठाउने व्यवस्था मिलाइ बिक्री भएको सामानको रकम प्राप्त नहुने जोखिम न्यूनिकरण गरिएको।
(२) कम्पनीले परियोजना अनुरुप बैंकबाट कर्जा सुविधा उपयोग गरी कम्पनी सञ्चालनमा रहेको हुँदा बैंक कर्जा उपलब्ध हुन नसकेका कारण थप आर्थिक जोखिम नआउने व्यवस्था मिलाइएको। ब्याजदर बृद्धिबाट हुन सक्ने थप आर्थिक जोखिमलाई कम्पनीले ब्याज खर्च समेत उत्पादन लागतमा गणना गरी वस्तुको उत्पादन लागत निकाली मूनाफा समेत जोडी बिक्री मूल्य तय गरिने नीति अवलम्बन गरिएका कारणबाट हुनसक्ने जोखिम न्युनिकरण गरिएको। विदेशी विनिमयको दरमा हुने परिवर्तनबाट पर्न जाने प्रभाव यस प्रकृतिका सबै उद्योगमा रहने हुँदा कुनै परियोजना विशेषका लागि मात्रै नकारात्मक प्रभाव पर्ने देखिदैंन। कम्पनीले जडान तथा प्रयोग गरेको प्रविधि अत्याधुनिक प्रविधियुक्त रहेकोले तत्काल प्रविधिको परिवर्तनबाट पर्न जाने जोखिम न्यून रहेको छ।
(३) सरकारको मुख्य नीति नै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना, विकास र विस्तार गरी देशमा आर्थिक विकास गर्ने भन्ने रहेको हुँदा उद्योग मैत्री वातावरण कायम गर्न प्रतिबद्ध रहेको छ।
(४) भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरण गर्न सम्पूर्ण सवारीका साधनहरु लगायत मेशिनरी पार्टपुर्जा, प्लान्ट उद्योग लगायत भवनहरु, कामदार, कर्मचारीहरुको बीमा गराएको छ।

जोखिम न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसील बमोजिम रहेको छ :

क्र.सं.	बीमा सम्बन्धी विवरण	बीमाङ्क रकम (रु.)	बीमा गरिएको कम्पनीको नाम	बीमाको वैधता (Validity)
१.	स्टक इन्स्योरेन्स	१५०,०००,०००।००	नेपाल इन्स्योरेन्स कम्पनी लि.	०५ मार्च २०२३ देखि ०४ मार्च २०२४ सम्म
२.	उद्योग आगलागी बीमा	७,२९९,०५६,५००।९४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लि, नेपाल इन्स्योरेन्स कम्पनी लि., आइ.जि.आई. प्रुडेन्सियल इन्स्योरेन्स लि. र युनाइटेड अजोड इन्स्योरेन्स लि.	०३ मार्च २०२३ देखि ०२ मार्च २०२४ र ०५ मार्च २०२३ देखि ०४ मार्च २०२४ सम्म
३	हेभि ईक्विपमेण्ट, ढुवानीका साधनहरुको बीमा	२२३,६०७,७२७।००	आइ.जि.आई. प्रुडेन्सियल इन्स्योरेन्स लि., नेपाल इन्स्योरेन्स कम्पनी लि. र युनाइटेड अजोड इन्स्योरेन्स लि.	विवरणपत्रमा अनुसूचीको रुपमा संलग्न गरिएको
४	मोटर कार, जिप, भ्यान र मोटरसाइकल बीमा	३२,४६१,३१८।००	आइ.जि.आई. प्रुडेन्सियल इन्स्योरेन्स लि., नेपाल इन्स्योरेन्स कम्पनी लि., सिद्धार्थ इन्स्योरेन्स लि.र युनाइटेड अजोड इन्स्योरेन्स लि.	
५	कामदार कर्मचारी सामूहिक दुर्घटना बीमा	२६६,७००,०००।००	शिखर इन्स्योरेन्स कम्पनी लि.	०४ सप्टेम्बर २०२३ देखि ०३ सप्टेम्बर २०२४ सम्म
	जम्मा बीमाङ्क रकम	७,९७१,८२५,५४५।९४		

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
योग्य संस्थागत लगानीकर्ताहरुलाई बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) को उपदफा (१) बमोजिम शेयर बाँडफाँट गरी निर्धारण भएको कट अफ मूल्य रु.४०१।०० मा सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था अनुसार सर्वसाधारणका लागि धितोपत्र जारी गर्दा १० प्रतिशत छुट दिने व्यवस्था अनुसार प्रति शेयर मूल्य रु.३६०।९० को दरमा निष्कासन तथा बिक्री खुल्ला हुने भएकोले धितोपत्रको सूचीकरण पश्चात् धितोपत्रको दोस्रो बजारमा हुने कारोबारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रियाः** स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा बुक बिल्डिङ्ग निर्देशिका, २०७७ र "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ। यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँट गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताहरुले प्रत्याभूति सम्बन्धी सम्झौतापत्रमा भएको शर्त बमोजिम खरिद गर्नेछन्।
(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ (सातौं संशोधन सहित) मा भएको व्यवस्था अनुसार उद्योग तथा खानी उत्खनन प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई शेयर बाँडफाँट गरे पश्चात् बाँडफाँटमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। तर आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (वैदेशिक रोजगारमा रहेका नेपाली तथा अन्य सर्वसाधारण) को हकमा शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरण अनुरुप सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँट पश्चात् निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकाले ब्याज दिनुपर्ने।
(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :** स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सम्बन्धित निकायमा सूचीकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ।
(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
निष्काशन गरिने साधारण शेयर हालसम्म नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचिकरण भैनसकेको।
(च) **धितोपत्र सुचिकरण भैनसकेको भए, कम्पनीले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
हाल सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण भई नसकेको हुँदा यस सार्वजनिक निष्काशन मार्फत निष्काशन गरिने शेयरको बाँडफाँट पश्चात् नेपाल स्टक एक्सचेञ्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा प्रचलित नियमानुसार सूचीकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१७. प्रत्याभूति सम्बन्धी विवरण :

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :
स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणलाइ निष्काशन गर्न लागिएको ३,६००,००० कित्ता शेयर बुक बिल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम योग्य संस्थागत लगानीकर्तालाई बोलकबोल प्रणाली मार्फत निष्कासन गरी बाँडफाँड गर्दा निर्धारण भएको कट अफ मुल्य रु.४०१।०० मा १० प्रतिशत छुट दिई प्रति शेयर मुल्य रु.३६०।९० को दरमा निष्कासन गर्ने प्रयोजनार्थ उक्त धितोपत्र प्रत्याभूति गर्नका लागि तपसील बमोजिमका प्रत्याभूतिकर्ताहरुबाट प्रत्याभूति सेवा लिने गरी प्रत्याभूति सम्झौता गरिएको छ।

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभत शेयर कित्ता	प्रत्याभूत गरिएको रकम (रु.)
१	नागरिक लगानी कोष	३,४२०,०००	१,२३४,२७८,०००।००
२	ग्लोबल आइएमई क्यापिटल लि.	६०,०००	२१,६५४,०००।००
३	एनआइएमबि एस क्यापिटल लि.	६०,०००	२१,६५४,०००।००
४	प्रभु क्यापिटल लि.	६०,०००	२१,६५४,०००।००
	जम्मा	३,६००,०००	१,२९९,२४०,०००।००

१८. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

सर्वसाधारणका लागि छुट्याईएको ३,६००,००० कित्ता शेयरमध्ये २,४८,४७० कित्ता उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुलाई, २,६७,००० कित्ता वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुलाई, १,५४,२२७ कित्ता सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरे पश्चात्, १,५४,२२७ कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि सुरक्षित गरी बाँकी रहेको २७,७६,०७६ कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने भएकोले निम्न बमोजिमको प्रक्रिया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सकिनेछ :

(१) कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
(२) आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
(३) आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची-४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नम्बर लिनुपर्नेछ।
(४) आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची-४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
(५) आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ।
(६) आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ।
(७) आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
   (क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   (ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल।
   (ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   (घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
   (ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
   (च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम।
   (छ) आवेदकको हितग्राही (DEMAT) खाता नम्बर।
(८) आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormat) रहेको हुनहुँदैन।
(९) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
(१०) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
(११) धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।
(१२) धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
(१३) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा संचालित "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिइसकेको हुनुपर्नेछ।
(१४) शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात्, बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।
(१५) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्ने वा हेर्न सकिने स्थानहरु :

क्र.सं.	कम्पनीको नाम र ठेगाना	कैफियत
१.	निष्काशनकर्ता कम्पनी : श्री सर्वोत्तम सिमेन्ट लिमिटेड, सुविधानगर, तीनकुने, काठमाण्डौं।	कार्यालय समयभित्र सम्पर्क राखि प्राप्त गर्न वा हेर्न सकिनेछ।
२.	निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं।	
३.	सह निष्काशन तथा बिक्री प्रबन्धक : श्री एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं।	
४.	सह निष्काशन तथा बिक्री प्रबन्धक : श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ।	
५.	नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np	विवरणपत्र हेर्न सकिनेछ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.४,६५०,०००,०००।- (अक्षरेपी चार अर्ब पैंसठ्ठी करोड मात्र) को १२.९०३३ प्रतिशत शेयर सार्वजनिक निष्काशनको लागि छुट्याइएकोमा सो अनुसार हुन आउने ६,०००,००० कित्ता शेयर [२,४००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि, २,६७०,००० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत) को लागि र ९३०,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुका लागि] बुक बिल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र कम्पनीले आफ्नो आवधिक कर्जा ९५.१८ प्रतिशत भन्दा बढी कर्जा रकम आफ्नै आन्तरिक नगद प्रवाहबाट भुक्तानी गरिसकेको हुँदा शेयरको प्रारम्भिक निष्काशनबाट प्राप्त हुने रकम मध्येबाट निम्नानुसारका बैंकहरुको अल्पकालिन कर्जाको लिमिट उपभोग घटाउन प्रयोग गर्नेछ।

क्र.सं.	विवरण	रकम (रु.)
१	नेपाल बैंक लि.	२९९,२४०,०००.००
२	प्राइम कमर्शियल बैंक लि.	१,०००,०००,०००.००
	जम्मा	१,२९९,२४०,०००.००

यसरी कम्पनीको तरलताको अवस्था मजबुत भएसँगै धितोपत्र निष्काशनबाट प्राप्त हुने रकमबाट माथि उल्लेखित कर्जा रकम भुक्तानी गरेपछि बाँकि रहने रकम कम्पनीको उद्योग रहेको स्थानदेखि पूर्व तथा पश्चिममा Grinding Unit विस्तार गर्न, काठमाण्डौंलाई लक्षित गरी धादिङ, मकवानपुर, नुवाकोट आसपासमा सिमेन्ट प्लान्ट स्थापना गर्न तथा उद्योगमा Waste Heat Recovery System (WHRS) प्रणली स्थापना गरी ३.५ मेगावाट सम्मको विद्युत शक्ति उत्पादन गर्ने कार्यमा लगानी गर्ने योजना रहेको छ।

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरु:

१. निष्काशनकर्ता कम्पनी : सर्वोत्तम सिमेन्ट लि., सुविधानगर, तीनकुने, काठमाण्डौ, Website: www.sarbottamcement.com
२. निष्काशन तथा बिक्री प्रबन्धक : ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौ, Website: www.globalimecapital.com
३. सह-निष्काशन तथा बिक्री प्रबन्धक : एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ, Website: www.nimbacecapital.com
४. सह-निष्काशन तथा बिक्री प्रबन्धक : प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौ, Website: www.prabhucapital.com
५. विवरणपत्र स्वीकृत गर्ने निकाय : नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np

दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

१. नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएसएण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१	श्री ग्लोबल आइएमई बैंक लिमिटेड	GICL-BTI Sarbottam Cement IPO	00101010007840
२	श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	NIMB ACE CAPITAL SARBOTTAM CEMENT IPO	03601040265492
३	श्री शाईन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	GICL-BTI SARBOTTAM CEMENT IPO	08700100639304000001
४	श्री गरिमा विकास बैंक लिमिटेड	GICL-BTI SARBOTTAM CEMENT IPO	02500100812969000003
५	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड	GICL-BTI SARBOTTAM CEMENT IPO	03410200187183000012
६	श्री कृषि विकास बैंक लिमिटेड	GICL-BTI SARBOTTAM CEMENT IPO	0425305366053017
७	श्री लक्ष्मी सनराईज बैंक लिमिटेड	GICL-BTI SARBOTTAM CEMENT IPO	0201284938011003

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले वढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन्।

सि.नं.	विवरण	सम्पर्क नं.	इमेल ठेगाना
१.	निष्काशनकर्ता कम्पनीको तर्फबाट श्री नवराज अधिकारी	४१११७०९, ४१११९४२	info@sarbottamcement.com
२.	निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री छविलाल शर्मा पैडेल	५९७०१३८	info@gicl.com.np
३.	सह-निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री भुवन राज पन्त	४५२५२८०	info@nimbacecapital.com
४.	सह-निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री बासु थपलिया	४१६९१००	info@prabhucapital.com

धितोपत्र निष्काशनको क्रममा प्रकाशन गरिने सम्पूर्ण सूचनाहरु तथा विवणपत्र निष्काशनकर्ता कम्पनी, निष्काशन तथा बिक्री प्रबन्धक र सह-निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटमा राखिने व्यहोरा समेत सम्बन्धित सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US
ग्लोबल आइएमई क्यापिटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

सह-निष्काशन तथा बिक्री प्रबन्धकहरु :

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.
एनआइएमबि एस क्यापिटल लिमिटेड
लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाण्डौं, नेपाल, फोनः ४१६९१००, ५९७०२००
इमेलः info@prabhucapital.com, वेबसाइटः www. prabhucapital.com